# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
१ नं. प्रदेश नेपाल

प.सं. २०७५/७६ (योजना)
च.नं. ३३६४

मिति:-२०७६/०२/१७

**विषय:— मार्गदर्शन तथा बजेट सिलिङ्ग पठाइएको सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै (१ देखि १०)
केरावारी गाउँपालिका, मोरङ्ग ।

प्रस्तुत विषयमा यस केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६/२/१६ गतेको निर्णय अनुसार आगामी आ.व. २०७६/७७ को बजेट तथा कार्यक्रम पेश गर्नका लागि प्रत्येक वडा कार्यालयलाई चालु खर्च रु.३ लाख ६० हजार तथा पुँजिगत खर्च रु. ७६ लाख ४० हजार गरी कुल जम्मा रु. ८० लाख रकमको वडा सिलिङ्ग र मार्गदर्शन पठाईएको छ सोको लागि तोकिएको मार्ग निर्देशन तथा ढाँचामा वस्ती स्तरवाट योजना छनौट गरी प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु मिति २०७६ जेष्ठ मसान्त भित्रमा यस कार्यालयमा e-copy सहित उपलब्ध गराउनु हुन अनुरोध छ ।

२०७६/२/१६

**योजना छनौट तथा प्राथमिकिकरणका आधारहरु :**

क. पुर्वाधार विकास तर्फ : पुर्वाधार विकास तर्फ प्राप्त वडा सिलिङ्ग रकमको ६५ प्रतिशत विनियोजन गर्नु पर्नेछ । जसमा सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाई, लघु तथा साना जलबिधुत, उर्जा (बैकल्पिक उर्जा समेत), भवन तथा शहरी विकास र संचार आदी पर्दछन ।

ख. सामाजिक विकास तर्फ : सामाजिक विकास तर्फ प्राप्त वडा सिलिङ्ग रकमको १५ प्रतिशत विनियोजन गर्नु पर्नेछ । जसमा शिक्षा, खानेपानी तथा सरसफाई, स्वास्थ्य, लैंगिक समानता तथा सामाजिक समावेशिकरण आदी पर्दछन ।

ग. आर्थिक विकास तर्फ : आर्थिक विकास तर्फ प्राप्त वडा सिलिङ्ग रकमको १० प्रतिशत विनियोजन गर्नु पर्नेछ । जसमा कृषि, पशु सेवा, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी, बित्तिय क्षेत्र आदी पर्दछन ।

घ. वातावरण तथा विपद व्यवस्थापन तर्फ : वातावरण तथा विपद व्यवस्थापन तर्फ प्राप्त वडा सिलिङ्ग रकमको ५ प्रतिशत विनियोजन गर्नु पर्नेछ । जसमा वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिर्वतन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद व्यवस्थापन आदी पर्दछन ।

प्रमुख प्रशासकीय अधिकृत

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७५/७६ (योजना)
च.नं. ३३६४

केराबारी, मोरङ
१ नं. प्रदेश नेपाल

ङ. **संस्थागत विकास, सेवा प्रवाह तर्फ** : संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ प्राप्त वडा सिलिङ्ग रकमको २.५ प्रतिशत विनियोजन गर्नु पर्नेछ । जसमा मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सुरक्षा व्यवस्थापन, बिधुतिय सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन आदी पर्दछन ।

च. **वित्तिय व्यवस्थापन र सुशासन तर्फ** : वित्तिय व्यवस्थापन र सुशासन तर्फ प्राप्त वडा सिलिङ्ग रकमको २.५ प्रतिशत विनियोजन गर्नु पर्नेछ । जसमा लेखा व्यवस्थापन तथा राजश्व परिचालन, वित्तिय अनुशासन, वित्तिय जोखिम न्युनिकरण, सार्वजनिक सुनवाई, सामाजिक परिक्षण, आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरिक्षण तथा वेरुजू फर्छौट, सुचना तथा सञ्चार व्यवस्थापन आदी पर्दछन ।

**योजना छनौटका प्राथमिकताका आधारहरु:**

१। वडाका क्रमागत योजनाहरुलाई प्राथमिकता दिने ।
२। गरिवी निवारण रोजगारी श्रृजना र आय बृद्धीमा प्रत्यक्ष योगदान दिने ।
३। आन्तरीक राजश्वमा बृद्धि र परिचालनमा योगदान पुर्याउने ।
४। स्थानीय श्रोत साधन, श्रम, सिप र प्रविधिको अधिकतम प्रयोग गर्ने ।
५। लागत तथा जनसहभागीता अभिबृद्धि गर्ने
६। लैङ्गिक समानता र सामाजिक समाबेशिकरणको अभिबृद्धि गर्ने ।
७। दिगो विकास, बाताबरण संरक्षण, विपत व्यवस्थापनमा योगदान पुर्याउने ।
८। सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।
९। पूर्वाधार क्षेत्रको दीगो व्यवस्थापन गर्ने ।
१०। दुइवडालाई फाइदा पुग्ने ।

**आयोजना छनौटको लागि मार्ग दर्शन**

१। पूर्वाधार विकासमा कमसेकम रु ५ लाख भन्दा बढि रकमको योजनालाइ मात्र छनौट गर्नुपर्ने छ ।
२। पूर्वाधार विकासमा छनौट भएका योजना मध्ये कमसेकम एउटा योजना रु २५ लाख सम्मको छनौट भएको हुनु पर्नेछ । प्रत्येक वडामा जनसहभागिता जुट्ने समपुरक कोषबाट कार्यक्रम गर्न एउटा योजना छनौट गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७५/७६ (योजना)
च.नं. ३३६४

केराबारी, मोरङ
१ नं. प्रदेश नेपाल

३। सामाजिक क्षेत्रको योजना छनौट गर्दा सीपमूलक आयआर्जन चेतनामुलक, शशक्तिकरण लैङ्गीक समावेशिकरण लगायत तोकिएको क्षेत्रमा मात्र छनौट गरिनु पर्नेछ छनौट भएका योजनाको चालू वा पूँजिगत प्रकृति स्पष्ट हुनेगरी परिभाषित हुनु पर्नेछ ।

४। आर्थिक विकास कृषि पशुपालन पर्यटन सहकारीमा योजना छनौट गर्दा व्यक्तिगत अनुदान नभइ संस्थागत कृषक समुह, सहकारीलाई आधार बनाई कार्यक्रम तर्जुमा गर्न सकिनेछ ।

५। आर्थिक विकासका संम्भावित क्षेत्रहरु पहिचान गरी क्रमागत रुपमा लगानीलाई सुनिश्चित हुनेगरी आगामी आ.व.का लागी समेत योजना निर्माण गरी संघ तथा प्रदेशमा समेत मागकालागी पठाउन सकिनेछ ।

६। राजश्व संकलन तथा सरसफाई तथा विकास व्यवस्थापन गर्नका लागी टोल विकास संस्था परीचालन गर्न सकिनेछ ।

७। वातावरण तथा विपद व्यवस्थापनका क्षेत्रमा योजना छनौट गर्दा :

क। विपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यका लागि बजेट व्यवस्थापन गरिनु पर्नेछ ।

ख। वातावरण संरक्षण भू-संरक्षण जलवायु अनुकुलनलाई ध्यान दिनु पर्नेछ ।

८। संस्थागत विकास सेवा प्रवाह तर्फ : सूचना प्रविधि पंजिकरण व्यवस्थापन प्रभावकारी सेवा प्रवाहलाई जोड दिनुपर्नेछ ।

९। वित्तिय व्यवस्थापन सुशासन प्रत्येक वडाले सार्वजनीक सुनुवाई र सामाजिक परिक्षण राजश्व परीचालन तथा प्रभावकारी व्यवस्थापन आन्तरीक नियन्त्रण प्रणाली बेरुजु फर्छौट उपभोक्ता समिति, टोल बिकास समिति परिचालन सम्बन्धी कार्यक्रम ।

..................
पुन्य प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, केराबारी, मोरङ, १ नं. प्रदेश, नेपाल, फोन नं. ०२१-४०३११०
ईमेल : kerabariruralmun@gmail.com, वेभसाईट : www.kerabarimun.gov.np